AEC
Australian Electoral Commission

# हुलाकबाट कसरी मतदान गर्ने?

## पढ्न सजिलो गाइड

Easy Read



# यो गाइडको प्रयोग कसरी गर्ने





यो गाइड अष्ट्रेलियको निर्वाचन आयोग (Australian Electoral Commission) (AEC) ले तयार पारेको हो। जब तपाईंले 'हामी' शब्द देख्नुहुन्छ, त्यसले AEC लाई जनाउँछ।




हामीले यो गाइड पढ्न सजिलो तरिकाले लेखेका छौँ।

केही कुराहरू स्पष्ट पार्न हामी चित्रहरूको प्रयोग गर्छौं।




हामीले केही शब्दहरू **'मोटो'** गरेर लेखेका छौँ। हामी यी शब्दहरूको मतलब व्याख्या गर्छौं। पृष्ठ ३१ मा यी शब्दहरूको सूची छ।



यो गाइड पढ्नको लागि तपाईंले सहायता माग्न सक्नुहुन्छ। साथी, परिवारको सदस्य वा सहयोगी व्यक्तिले तपाईंलाई मद्दत गर्न सक्नेछन्।

# यो गाइडमा के छ?


| | |
|---|---|
| निर्वाचनमा मतदान | 4 |
| मतदानका लागि नाम दर्ता | 6 |
| तपाईंले मतदान कहिले गर्नु पर्छ? | 7 |
| यदि निर्वाचनको दिन मतदान गर्न सक्नुहुन्न भने के हुन्छ? | 8 |
| हुलाकी मतदान गर्नका लागि कसरी अनुरोध गर्ने? | 10 |
| तपाईंले आफ्नो मतपत्र कहिले पाउनुहुन्छ? | 16 |
| आफ्नो मतपत्रमा तपाईं के गर्नुहुन्छ? | 17 |
| कसरी तपाईंले आफ्नो हरियो मतपत्र भर्ने? | 20 |
| तपाईंको सेतो मतपत्र तपाईं कसरी भर्नुहुन्छ? | 22 |
| तपाईंले आफ्नो मतपत्र कहाँ खसाल्ने? | 26 |
| के तपाईंले प्रत्येक निर्वाचनमा हुलाकी मतदानको लागि निवेदन गर्नुपर्नेछ? | 27 |
| के तपाईं निर्वाचनमा मतदान गर्नुअघि अभ्यास गर्न सक्नुहुन्छ? | 29 |
| तपाईंले कसरी थप जानकारी पाउन सक्नुहुन्छ? | 30 |
| शब्दसूची | 31 |
| हामीलाई सम्पर्क गर्नुहोस् | 34 |

# निर्वाचनमा मतदान




अष्ट्रेलियामा प्रत्येक ३ वर्षमा **संघीय निर्वाचन** हुने गर्छ।



संघीय निर्वाचन पूरै देशको लागि हो।



यसरी हामी अष्ट्रेलियाको सरकारको छनौट गर्दछौँ।




गभर्नर-जनरलले निर्वाचनको मिति तोक्दछन्।

निर्वाचनको दिन शनिबार हुनेछ।



त्यो दिन अष्ट्रेलियाका जनताले **मतदान** गर्नेछन्।

जब तपाईं मतदान गर्नुहुन्छ, तपाईंले अष्ट्रेलियाको सरकारमा सहभागी हुनेहरू छनौट गर्न मद्दत गर्नुहुन्छ।




तपाईंले अनिवार्यरूपमा मतदान गर्नु पर्नेछ, यदि तपाईं:

- अष्ट्रेलियाको **नागरिक** हुनुहुन्छ।
  र
- १८ वर्ष वा बढी उमेरको हुनुहुन्छ।



नागरिक त्यो हो जसलाई उनीहरू बस्ने देशको अधिकार र स्वतन्त्रता दिइएको हुन्छ।




मतदान गर्नाले तपाईंलाई कसले देश चलाउने भन्नेबारे आफ्नो धारणा राख्न दिन्छ।

# मतदानका लागि नाम दर्ता




तपाईंले मतदान गर्न पाउनअघि तपाईले आफ्नो नाम **दर्ता** गर्नुपर्छ।




तपाईंको नाम दर्ता कसरी गर्ने भन्ने बारेमा जान्न तपाईंले हाम्रो गाइड - *मतदानको लागि कसरी नाम दर्ता गर्ने?* - पढ्न सक्नुहुन्छ ।


# तपाईंले मतदान कहिले गर्नु पर्छ?



गभर्नर-जनरलले निर्वाचनको मिति तोक्दछन्।



निर्वाचनको दिन तोकिएपछि त्यसबारे हामी सबैलाई जानकारी दिन्छौं।




यदि तपाईंलाई निर्वाचनको दिन पत्ता लगाउनुछ भने, तपाईंले:

- हाम्रो वेबसाइट **www.aec.gov.au** हेर्नु सक्नुहुन्छ।
- परिवारको सदस्य, साथी वा छिमेकीलाई सोध्न सक्नुहुन्छ।
- टिभिमा समाचार हेर्न सक्नुहुन्छ।
- अनलाइन खोज्न सक्नहुन्छ।
- **13 23 26** मा हामीलाई सम्पर्क गर्न सक्नुहुन्छ।




निर्वाचनको दिन बिहान ८ बजेबाट मतदान शुरू हुनेछ।




निर्वाचनको दिन बेलुकी ६ बजे मतदान बन्द हुन्छ।




मतदान बन्द हुनुअघि तपाईंले मतदान गर्नुपर्छ।

# यदि निर्वाचनको दिन मतदान गर्न सक्नुहुन्न भने के हुन्छ?



कहिलेकाहीँ मानिसहरूले निर्वाचनको दिन मतदान गर्न सक्दैनन्।




उनीहरू बिदामा टाढा गएको हुन सक्छन्।



वा उनीहरू अस्पतालमा हुन सक्छन्।



यदि तपाईंले निर्वाचनको दिन मतदान गर्न सक्नुहुन्न भने तपाईंले निर्वाचनअगाडि नै मतदान गर्न सक्नुहुन्छ।




तपाईंले हामीलाई तपाईंको मतपत्र हुलाकमा पठाउन सक्नुहुन्छ।

यसलाई **हुलाकी मतदान** भनिन्छ।




हुलाकी मतदानका लागि तपाईंले निवेदन गर्नुपर्छ।



हामी पृष्ठ २० मा हुलाकी मतदान कसरी गर्ने भनेर व्याख्या गर्छौं।




तपाईंले केही **मतदान स्थलहरूमा** निर्वाचनको दिन भन्दा अगाडि पनि मतदान गर्न सक्नुहुन्छ।




मतदान स्थल एउटा भवन हो, जस्तै विद्यालय वा सामुदायिक केन्द्र, जहाँ मानिसहरू निर्वाचनमा मतदान गर्न जान्छन्।



यदि तपाईंले हामीलाई **13 23 26** मा सम्पर्क गर्नुभयो भने हामी तपाईंलाई तपाईं नजिकको मतदान स्थल खोज्न सहायता गर्नेछौं।


# हुलाकी मतदान गर्नका लागि कसरी अनुरोध गर्ने?




तपाईंले फाराम भरेर हुलाकी मतदानको लागि अनुरोध गर्न सक्नुहुन्छ।

हामी यसलाई हुलाकी मतदानको आवेदन भन्छौं।

तपाईंले हुलाकी मतदान आवेदन भर्न सक्नुहुन्छ:



- अनलाइन
- कागजी माध्यमबाट।

# तपाईंको हुलाकी मतदान आवेदन अनलाइन भर्ने तरिका




जब निर्वाचनको दिन तोकिन्छ, हाम्रो वेबसाइट हेर्नुहोस्।

**www.aec.gov.au/pva**




तपाईंले केही प्रश्नहरूको उत्तर दिनु पर्छ।



हामी यी प्रश्नहरू पृष्ठ १४ मा व्याख्या गर्नेछौँ।



तपाईंले आफ्नो हुलाकी मतदानको आवेदन अनलाइन भर्नका लागि सहायता माग्न सक्नुहुन्छ।




जब तपाईंले पुरा फाराम भर्नु हुन्छ,तपाईंले एउटा बटनलाई थिच्नु पर्छ जसले भन्छः 'Submit' (बुझाउनुहोस्)

# तपाईंको हुलाकी मतदान निवेदन कागजी रूपमा भर्ने तरिका




तपाईंले हुलाकी मतदानको आवेदन फाराम कुनै पनि AEC कार्यकायमा पाउन सक्नुहुन्छ।



यदि हामीलाई सम्पर्क गर्नुभयो भने हामी तपाईंलाई एउटा फाराम हुलाकमार्फत पठाउन सक्छौँ।

हाम्रो फोन नम्बर होः **13 23 26**



तपाईंले फाराममा केही प्रश्नको उत्तर दिनु पर्नेछ।



हामी यी प्रश्नहरू पृष्ट १४ मा व्याख्या गर्नेछौँ।



कागजी हुलाकी मतदानको आवेदन फाराम भर्नका लागि तपाईंले सहायता माग्न सक्नुहुनेछ।




तपाईंले फाराम भरिसकेपछि त्यो फाराम हामीलाई फिर्ता पठाउनु पर्नेछ।

तपाईंले फाराम बुझाउनः




- निम्न ठेगानामा हामीलाई पठाउनुहोस्:

  AEC


  Reply Paid 9867

  तपाईंको राज्यको राजधानी (Capital City)

तपाईंले हुलाक टिकट लगाउनु पर्दैन।




- AEC को कार्यालयमा लैजानुहोस्
  यदि तपाईंले हामीलाई **13 23 26** मा फोन गर्नुभयो भने हामी तपाईंको नजिकैको AEC को कार्यालय पत्ता लगाउन सहायता गर्न सक्छौँ।




- यसलाई स्क्यान गर्नुहोस् र हाम्रो वेबसाइटमा अपलोड गर्नुहोस्।

  **www.aec.gov.au/pva**

# हुलाकी मतदान आवेदन फारामका प्रश्नहरू



एउटा प्रश्नले तपाईंको ठेगाना सोध्नेछ।



तपाईंले मतदाता नामावलीमा नाम दर्ता गर्दा हामीलाई दिएको ठेगाना नै यहाँ प्रयोग गर्नु पर्नेछ।



अर्को प्रश्नले तपाईंलाई तपाईंको **मतपत्र** कहाँ पठाउने सोध्नेछ।

मतपत्र भनेको तपाईंले आफूले कसलाई भोट दिन चाहनुहुन्छ भनेर जनाउने फाराम हो।



तपाईंले हामीलाई दिन सक्नुहुन्छ:

- तपाईं बस्ने ठेगाना
- तपाईंको चिठीपत्र जाने अर्को ठेगाना
- तपाईं यात्रा गर्ने अन्य ठाउँको ठेगाना
    - राज्य
    - देश।



हामी तपाईंलाई एउटा सुरक्षा प्रश्न सोध्नेछौँ।

त्यो पासवर्ड जस्तै हो।



तपाईंले फाराम बुझाउनः

- सुरक्षा प्रश्न छनोट गर्नुहोस्।
- आफ्नै उत्तर लेख्नुहोस्।



तपाईंले आफ्नो उत्तर सम्झनुपर्छ।



तपाईंले त्यसलाई लेख्न सक्नुहुन्छ र सुरक्षित राख्न सक्नुहुनेछ।

# तपाईंले आफ्नो मतपत्र कहिले पाउनुहुन्छ?




हामी तपाईंलाई मतदान गर्ने समय भएपछि तपाईंको मतपत्र तपाईंलाई पठाउनेछौँ।




तपाईंले तिनीहरूलाई हुलाकबाट पाउनु हुनेछ।

तपाईंलाई दिइनेछ:




- २ वटा मतपत्र:
  - एउटा सेतो
  - एउटा हरियो।



- हामीलाई तपाईंको मतपत्र राखेर फिर्ता पठाउन एउटा हुलाकी मतदानको खाम।

# आफ्नो मतपत्रमा तपाईं के गर्नुहुन्छ?



मतदान गर्नुअघि तपाईंले **साक्षी** खोज्नु पर्नेछ।



साक्षी भनेको तपाईंलाई चिन्ने कोही मान्छे हो, जस्तै:

- परिवारको सदस्य
- साथी
- छिमेकी




तपाईंको साक्षी निर्वाचन नामावलीमा हुनुपर्छ।



तपाईंको साक्षीले तपाईंले तपाईंको मतपत्र भरेको पक्का गर्नुपर्नेछ।



आफ्नो मतपत्र र आफ्नो हुलाकी मतदानको खाम तपाईंले भर्नुअघि आफ्नो साक्षीलाई देखाउनुहोस् ।




हुलाकी मतदानको खाममा तपाईंको नाम र ठेगाना त्यसमा हुनेछ।



त्यसले पनि तपाईंको सुरक्षा प्रश्न सोध्नेछ।



तपाईंले सोही सुरक्षा प्रश्नको उत्तर दिनुपर्नेछ जुन तपाईंले आवेदनमा दिनुभएको छ।



त्यसपछि, तपाईंले निम्न कुरा गर्नुपर्छ:

- आफ्नो नामको सही गर्नुपर्नेछ

  वा

- आफ्नो चिह्न कोर्नु पर्नेछ।



तपाईंले आफ्नो साक्षीलाई सहयोग गर्न अनुरोध गर्न सक्नुहुन्छ।




तपाईंले सक्काएपछि तपाईंको साक्षीले निम्न कुरा गर्नुपर्नेछ:

- खाममा सहि
- मिति लेख्नु पर्ने।




यो गरिसकेपछि तपाईं मतदान गर्नका लागि तयार हुनुहुन्छ।

# कसरी तपाईंले आफ्नो हरियो मतपत्र भर्ने?




तपाईंको हरियो मतपत्र

**प्रतिनिधि सभा**को लागि हो।

प्रतिनिधि सभाः



- अष्ट्रेलियाको संसदको २ सदनहरू मध्येको १ हो – जहाँ सरकार बनाइन्छ




- यहाँ अष्ट्रेलियाका जनताले चुनेको १५१ जना प्रतिनिधिहरू हुन्छन्।




तपाईंको हरियो मतपत्रमा:

- उम्मेदवारको नामको सूची हुन्छ
- खाली कोठाहरू हुन्छन् ।




आफूले सबैभन्दा बढी भोट दिन चाहेको उम्मेदवार छान्नुहोस्।

उनीहरूको नामसँगै भएको खाली कोठामा 1 लेख्नुहोस्।



आफूले त्यसपछि मतदान गर्न चाहेको अर्को उम्मेदवार छान्नुहोस्।


उनीहरूको नामसँगै भएको खाली कोठामा 2 लेख्नुहोस्।



सबै कोठाहरू नभरिएसम्म एक पछि अर्को उम्मेदवार छान्नुहोस् र नम्बर लेख्नुहोस्।




कोही उम्मेदवारको नामसँगै शब्दहरू वा तस्विर हुनसक्छ।




प्रत्येक कोठामा भिन्नै नम्बर हुनुपर्छ।




जब सबै कोठाहरू भरिन्छ, तपाईंको मतपत्र पुरा हुन्छ।

# तपाईंको सेतो मतपत्र तपाईं कसरी भर्नुहुन्छ?




तपाईंको सेतो मतपत्र राष्ट्रिय सभा (Senate) को लागि हो।

राष्ट्रिय सभा (सिनेट):



- अष्ट्रेलियाको संसदको २ सदन मध्येको १ हो – यसलाई माथिल्लो सदन भनिन्छ।




- यहाँ ७६ जना प्रतिनिधिहरू हुन्छन् जसलाई अष्ट्रेलियाका जनताद्वारा हरेक राज्य र क्षेत्रको प्रतिनिधित्व गर्न चुनिएका हुन्छन्:
    - ६ राज्य
    - २ क्षेत्र।




तपाईंको सेतो मतपत्रमा एउटा कालो धर्को हुन्छ।



कालो धर्कोमाथि समूहहरूको सूची हुन्छ।



धेरैजस्तो समूहहरू **राजनीतिक पार्टी** हुन्छन्।

राजनीतिक पार्टी भनेको उम्मेदवारहरूको समूह हो जसमा सबै :

- समान विचारधारा राख्दछन्
- सरकारले देश कसरी चलाउनु पर्छ भन्ने कुरामा सहमत हुन्छन्।



कालो धर्कोमुनि उम्मेदवारहरूको सूची हुन्छ।

सेतो मतपत्र भर्ने २ तरिकाहरू छनः




- कालो धर्कोमाथि नम्बर लेख्नुहोस् र समूहका लागि भोट दिनुहोस्।

वा




- कालो धर्कोभन्दा मुनि कोठाहरूमा नम्बर लेख्नुहोस् र उम्मेदवारहरूका लागि भोट दिनुहोस्।

# कालो धर्काभन्दा माथि भोट गर्ने




आफूले सबभन्दा बढि भोट दिन खोजेको समूह छान्नुहोस्।

उनीहरूको नामसँगै भएको खाली कोठामा 1 लेख्नुहोस्।





आफूले भोट दिन चाहेको अर्को समूह छान्नुहोस्

उनीहरूको नामसँगै भएको खाली कोठामा 2 लेख्नुहोस्।





६ वटा कोठा नभरिएसम्म समूह चुन्दै जानुहोस् र नम्बर लेख्दै जानुहोस्।

तपाईंले ६ कोठाहरू सम्म मात्र भरेर छाड्न सक्नुहुन्छ वा त्यस पछि पनि लेख्दै जान सक्नुहुन्छ।




यदि त्यहाँ ६ भन्दा कम खाली कोठाहरू छन् भने हरेक कोठामा नम्बर राख्नुहोस्।




केही समूहहरूको नामसँगै शब्दहरू वा तस्विर हुनसक्छ।

# कालो धर्कोतल भोट गर्ने



आफूले सबैभन्दा बढी भोट दिन चाहेको उम्मेदवार छान्नुहोस्।

उनीहरूको नामसँगै भएको खाली कोठामा 1 लेख्नुहोस्।



आफूले त्यसपछि मतदान गर्न चाहेको अर्को उम्मेदवार छान्नुहोस्।

उनीहरूको नामसँगै भएको खाली कोठामा 2 लेख्नुहोस्।




जबसम्म १२ कोठाहरू भरिँदैन उम्मेदवार चुन्दै जानुहोस् र नम्बर लेख्दै जानुहोस्।

तपाईंले १२ कोठाहरू सम्म मात्र भरेर छाड्न सक्नुहुन्छ वा त्यस पछि पनि लेख्दै जान सक्नुहुन्छ।



यदि त्यहाँ १२ भन्दा कम खाली कोठाहरू छन् भने हरेक कोठामा नम्बर राख्नुहोस्।

# तपाईंले आफ्नो मतपत्र कहाँ खसाल्ने?




जब तपाईंले आफ्नो मतपत्रहरू भरिसक्नु हुन्छ, तपाईंले तिनीहरूलाई हुलाकी मतदानको खाममा राख्नुपर्नेछ र बन्द गर्नुपर्नेछ।




त्यो हुलाकी मतदानको खाम लिनुहोस् र हुलाकी बाकसमा खसाल्नुहोस्।

तपाईंले हुलाक टिकट लगाउनु पर्दैन।




यो तुरून्त गर्नुहोस् ताकि यो हामीकहाँ चाँडै आईपुग्छ।




जब तपाईंले आफ्नो खाम हुलाकी बाकसमा खसाल्नु हुन्छ तपाईंको मतदान सकियो।


# के तपाईंले प्रत्येक निर्वाचनमा हुलाकी मतदानको लागि निवेदन गर्नुपर्नेछ?





तपाईंले प्रत्येक निर्वाचनअगाडि हुलाकी मतदानको लागि निवेदन दिनु पर्नेछ।




तर तपाईंले **सामान्य हुलाकी मतदाता** बन्नका लागि निवेदन गर्न सक्नुहुन्छ।




सामान्य हुलाकी मतदातालाई प्रत्येक संघीय निर्वाचनमा उनीहरूको मतपत्र हुलाकमार्फत पठाइन्छ।




यसको मतलब तपाईंले अरू संघीय निर्वाचनहरूको लागि फेरि निवेदन दिनु पर्दैन।



तपाईं सामान्य हुलाकी मतदाता बन्नका लागि **योग्य** हुनुपर्छ।

यदि तपाईं योग्य हुनुहुन्छ भने तपाईंले हाम्रो आवश्यकताहरू पूरा गर्नुहुन्छ।



यसको मतलब तपाईंलाई प्रत्येक निर्वाचनमा हुलाकी मतपत्र पठाइनेछ।




तपाईंले थप जानकारी हाम्रो वेबसाइटमा पाउन सक्नुहुन्छ र निवेदन दिनुहोस्।

**www.aec.gov.au/gpv**

# के तपाईं निर्वाचनमा मतदान गर्नुअघि अभ्यास गर्न सक्नुहुन्छ?




यदि तपाईं मतदानको अभ्यास गर्न चाहनुहुन्छ भने हाम्रो वेबसाइट हेर्न सक्नुहुन्छ।

**www.aec.gov.au/practice**



तपाईंको अभ्यास मत गनिने छैन।





तपाईंले अझै पनि मतदान गर्नुपर्ने हुन्छ:

- मतदान स्थानमा

  वा

- हुलाकद्वारा।

# तपाईंले कसरी थप जानकारी पाउन सक्नुहुन्छ?




यदि तपाईंलाई मतदानबारे थप जान्नु छ भने हामीसँग तपाईंले पढ्नसक्ने अरू २ वटा गाइडहरू छन्:

- *मतदानको लागि कसरी नाम दर्ता गर्ने?*
- *मतदान स्थलमा कसरी मतदान गर्ने?*





तपाईंले यी गाइडहरू हाम्रो वेबसाइटमा भेट्टाउनु हुन्छ।

**www.aec.gov.au/assistance**




हामीसँग हाम्रो वेबसाइटमा अंग्रेजीबाहेक अरू भाषा बोल्ने मानिसहरूको लागि पनि जानकारी उपलब्ध छ।

# शब्दसूची




**मतपत्र**

मतपत्र भनेको तपाईंले आफूले कसलाई भोट दिन चाहनुहुन्छ भनेर जनाउने फाराम हो।



**नागरिक**

नागरिक त्यो हो जसलाई उनीहरू बस्ने देशको अधिकार र स्वतन्त्रता दिइएको हुन्छ।



**निर्वाचन अधिकारीहरू**

निर्वाचनको दिन मतदान स्थलहरूमा काम गर्ने मानिसहरू।

उनीहरूको काम तपाईंलाई सहायता गर्ने हो।




**निर्वाचन नामावली**

मतदाताहरूको सूची।



**योग्यता**

यदि तपाईं योग्य हुनुहुन्छ भने तपाईंले हाम्रो आवश्यकताहरू पूरा गर्नुहुन्छ।





**नाम दर्ता**

जब तपाईं नाम दर्ता गर्नुहुन्छ हामी तपाईंको नाम मतदाताको सूचीमा राख्छौँ।



**संघीय निर्वाचन**

संघीय निर्वाचन पूरै देशको लागि हो।
यसरी हामी अष्ट्रेलियाको सरकारको छनौट गर्दछौँ।




**सामान्य हुलाकी मतदाता**

सामान्य हुलाकी मतदाता:

- निर्वाचनको मिति तोकिएपछि हुलाकमा उनीहरूको मतपत्रलाई पठाइन्छ
- अरू संघीय निर्वाचनको लागि पुनः निवेदन दिनु पर्दैन।



**राजनीतिक पार्टी**


राजनीतिक पार्टी भनेको उम्मेदवारहरूको समूह हो जसमा सबै :

- समान विचारधारा राख्दछन्
- सरकारले देश कसरी चलाउनु पर्छ भन्ने कुरामा सहमत हुन्छन्।




**मतदान स्थल**

मतदान स्थल एउटा भवन हो, जस्तै विद्यालय वा सामुदायिक केन्द्र, जहाँ मानिसहरू निर्वाचनमा मतदान गर्न जान्छन्।




## हुलाकी मतदान

तपाईंले आफ्नो मतदान हुलाकबाट हामीलाई पठाउनुहुन्छ।



## मतदान

जब तपाईं मतदान गर्नुहुन्छ, तपाईंले अष्ट्रेलियाको सरकारमा सहभागी हुनेहरू छनौट गर्न मद्दत गर्नुहुन्छ।



## मतदाता

मतदान गर्न योग्य मानिसहरू।



## साक्षी

साक्षी भनेको तपाईंलाई चिन्ने कोही मान्छे हो, जस्तै:

- परिवारको सदस्य
- साथी
- छिमेकी

तपाईंको साक्षी निर्वाचन नामावलीमा हुनुपर्छ।

# हामीलाई सम्पर्क गर्नुहोस्

राष्ट्रिय प्रसारण सेवा (National Relay Service) (NRS)

टि.टि.वाइ. (TTY) प्रयोगकर्ताहरू:

- फोन 13 36 77 मा फोन गर्नुहोस्
- अनि 13 23 26 नम्बरमा जोडिदिन अनुरोध गर्नुहोस्

भन्ने र सुन्ने प्रयोगकर्ताहरू:

- फोन 1300 555 727 मा फोन गर्नुहोस्
- अनि 13 23 26 नम्बरमा जोडिदिन अनुरोध गर्नुहोस्

इन्टरनेट प्रसारण प्रयोगकर्ताहरू:

- एन. आर.एस. (NRS) मा जोडिनुहोस्
- अनि 13 23 26 नम्बरमा जोडिदिन अनुरोध गर्नुहोस्

अन्य भाषाहरू:

- 1300 720 153 मा फोन गर्नुहोस्

**www.aec.gov.au**

**/AusElectoralCom/**

**@AusElectoralCom**

**@AusElectoralCom**

इन्फरमेशन एक्सेस ग्रुप (Information Access Group) ले स्टक फोटो र विशेष चित्रहरूको प्रयोग गरेर यस पढ्न सजिलो गाइड  तयार गरेको छ।
अनुमतिबिना चित्रहरू पुन: प्रयोग गर्न पाईंदैन। चित्रबारे कुनै पनि सोधपुछका लागि **www.informationaccessgroup.com** मा जानुहोस्।
कामको संख्या 3035-C उल्लेख गर्नुहोस्।

निर्वाचन आयुक्तबाट जारी गर्न अधिकार प्राप्त, क्यानबेरा | Authorised by the Electoral Commissioner, Canberra